

HEP HIGHER EDUCATION PARTNERSHIPS

# हाँसिल गर्नुहोस

## कलेज क्रेडिट अब!

**कलम्बस सिटी स्कूल्सको स्कूल काउन्सिलिङ**
**र उच्च शिक्षा साझेदारी विभागको कार्यालय**

!! हाई स्कूलबाट स्नातक हुनु अघि बहुमूल्य कलेज क्रेडिट कमाउने अवसरहरूको फाइदा लिनुहोस्।कलेज क्रेडिट प्लस (सि सि पि) कक्षा ७ देखि १२ सम्मका विद्यार्थीहरूकालागि उपलब्ध छ।

COLLEGE CREDIT PLUS

COLUMBUS CITY SCHOOLS

COLLEGE CREDIT PLUS

किन पर्खने आफ्नो भविष्यकालागि? ओहायोको कलेज क्रेडिट प्लस (सि सि पि) कार्यक्रमको साथमा विद्यार्थीहरूले विभिन्न प्रकारका पाठ्यक्रम विकल्पहरुमार्फत सहि शैक्षिक अवसरहरू अन्वेषण गर्न सक्छन्। यस कार्यक्रमको उद्देश्य भनेको कलम्बस सिटी स्कूलसका विद्यार्थीहरू -लाई कलेज र क्यारियर तयारीकालागि द्रुत मार्गको रूपमा उच्च विद्यालय र कलेज पाठ्यक्रम -हरूमा दोहोरो नामाङ्कन प्रस्ताव गर्नु हो। सहभागी हुन विद्यार्थीहरूले अनिवार्य निम्न गर्नु होला:

- व्यक्तिगत सत्रमा भाग लिनुहोस्, जानकारीमूलक भिडियो हेर्नुहोस्, वा अभिभावक/संरक्षकसँग प्रत्यक्ष भर्चुअल सत्रमा भाग लिनुहोस्। यो चरण पूरा नगर्ने परिवारहरूले सि सि पि मा सहभागी हुनु अघि उनीहरूको स्कूलमा छुट्टै सि सि पि परामर्श सत्रको व्यवस्था गरेर सहभागी बन्नु पर्छ।
- वहाँहरूको हाई स्कूलमा, कलेज क्याम्पसमा वा अनलाइनमा सि सि पि कक्षाहरू लिनकालागि एप्रिल १, २०२५ सम्ममा भाग लिन दर्शाइएको आशय पत्र पेश गर्नुहोस्।
- तपाँईले वहाँहरूको प्रवेश मापदण्ड र समयसीमा पालन गर्दै सि सि पि पाठ्यक्रमहरू लिन चहानुभएको कलेज/विश्वविद्यालयमा आवेदन दिनुहोस्।
- • थप जानकारी लिन र दर्ता गर्न उच्च शिक्षा साझेदारीको वेबसाइटमा पाउन सकिन्छ। तलको क्यु आार कोड (QR Code) स्क्यान गर्नुहोस्


OFFICE OF HIGHER EDUCATION PARTNERSHIPS • 100 ARCADIA AVENUE • COLUMBUS, OH 43202
614-365-8600 • HIGHEREDPARTNERSHIPS@COLUMBUS.K12.OH.US


## ४ वटा सजिला कदमहरु:

**चरण १:** आवश्यक कलेज क्रेडिट प्लस (सि सि पि) सूचना सत्रमा भाग लिनुहोस्। व्यक्ति नै आउने, प्रत्यक्ष (लाइभ) अनलाइन वा रेकर्डिङ मध्य एउटा छान्नुहोस्।

यहाँ दर्ता गर्नुहोस्

---

सबै जानकारी सत्रहरू साँझ ६:३० बजेदेखि सुरु हुन्छ:

डिसम्बर ११, २०२४
प्रत्यक्ष अनलाइनमा

जनवरी २९, २०२५
डोमिनियन मिडल स्कूल

फेब्रुअरी १२, २०२५
मिफ्लिन हाई स्कूल

फेब्रुअरी २७, २०२५
प्रत्यक्ष अनलाइनमा

रेकर्डिङ
(कुनै पनि समय पहुँच हुन्छ)

क्लिक गर्नुहोस् र हेर्नुहोस्

---

**चरण २:** प्रत्येक वर्षको एप्रिल १ तारिक सम्ममा एउटा भाग लिन दर्शाइएको आशय पत्र पेश गर्नुहोस्।

पत्रमा जानुहोस्

**चरण ३:** लागू हुने कलेजमा कलेज क्रेडिट प्लस विद्यार्थीका रूपमा आवेदन दिनुहोस् र सबै कागजातहरू बुझाउनुहोस्।

**चरण ४:** सहभागिता र समयतालिका बारे छलफल गर्न आफ्नो स्कूलका सल्लाहकारलाई भेट्नुहोस्।